गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय बागलुङ
बागलुङ, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२२

## डिभिजन वन कार्यालय, बागलुङको प्रस्ताव आब्हान सम्बन्धी सूचना

यस कार्यालयको चालु ०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान ) तर्फ तपसिल बमोजिमको कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमले खाली तथा बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र, हैसियत बिग्रिएका र अन्य सिमान्तकृत भूमी तथा नदी उकास जग्गाको उचित प्रयोग हुने खालका कृषि वनका कार्यक्रम सञ्चालन गर्न र कृषि तथा फलफूल उत्पादन प्रबर्द्धन गर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूह, कबुलियति वन समूह, निजी वन धनी, कृषक समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र प्रस्ताव पेश गर्न हुन जानकारी गराईन्छ । प्रस्तावमा कृषि वन विकास गर्नको लागि गरिने क्रियाकलाप, उद्धेश्यहरु, स्थान, कार्यक्रम संचालन प्रक्रिया, कार्य सम्पन्न गर्न सकिने समय सीमा, प्रस्तावकको लगानी तथा हिस्सा, प्रस्तावित लागत अनुमान तथा डिजाईन, कार्यक्रम संचालनबाट हुन सक्ने अपेक्षित प्रतिफल, कार्यक्रमको दिगोपन, रोजगारी श्रृजना आदि विषय समावेश गरी कार्यक्रम तथा क्रियाकलापको पहिचान नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम हुनु पर्नेछ ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | व.उ.शि.नं. | ख.शि.नं. | का.शि.नं. | वजेट प्रति कार्यक्रम रु.लाखमा |
|---|---|---|---|---|---|
| १ | कृषि वन कार्यक्रम | ३०७९११३२ | ३११५७ | ११.४.१७.४६४ | ७ |

**पेश गर्नु पर्ने कागजातहरु**

१. अनुदान रकम इच्छुक किसान/निजी जग्गाधनी, समूह, सहकारी, संघसंस्थाहरु/फर्मले मिलेर संयुक्तरुपमा पेश गरे प्रस्ताव मुल्याङ्कनका आधारमा वजेट सिमासम्म उपलव्ध हुनेछ । कार्यक्रमको प्रस्ताव हेरी रकमको बाँडफाड, कार्यक्रम खण्डीकरण सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

२. प्रस्तावकले प्रस्ताव पेश गर्दा आफुले लगानी गर्ने साझेदारीको हिस्सा कुल लगानीमा कम्तीमा ४० (चालिस) प्रतिशत नघट्ने गरी पेश गर्नु पर्नेछ ।

३. अनुदान प्रस्ताव तोकिएको ढाँचामा हुनु पर्नेछ, विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव साथमा उद्योग दर्ता/नविकरण प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रका प्रतिलिपिहरु, वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, नियमन गर्ने निकायको सिफारिस, वडा कार्यालयको सिफारिस, विस्तृत लागत अनुमान, सव डिभिजन वन कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. नागरिकताको प्रमाणपत्र, जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद, ब्लु प्रिन्ट नक्सा, मालपोत कार्यालयको जग्गा रोक्का नभएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. एकल व्यक्ति/एकभन्दा बढी व्यक्तिको सिमा जोडिएको एकै ठाँउमा रहेको जग्गा मिलाउर १० हेक्टर वा समूह, सहकारी, सरकारी तथा सार्वजनिक संघसस्थाको एकै ठाँउमा रहेको १० हेक्टर वा सो भन्दा वढी क्षेत्रफलको एउटा क्षेत्र हुनु पर्ने ।

विस्तृत जानकारीको लागि
डिभिजन वन कार्यालय, बागलुङ
सम्पर्क नं.: ०६८-५२०१३५
इमेल : dfobaglung@gmail.com
Website :www.dfobaglung.gov.np

डिभिजनल वन अधिकृत